# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

बत्तिसपुतली, काठमाण्डौ

## निर्वाचन कार्यविधि-२०८३

# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
# काठमाण्डौ महानगरपालिका-०९, बत्तिसपुतली, काठमाण्डौ
# निर्वाचन कार्यविधि-२०८३

**प्रस्तावनाः**

संस्थाका सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रणको मुल सिद्धान्त अवलम्वन गरी प्रजातान्त्रिक अभ्यासका माध्यमबाट निर्वाचन प्रणाली लाई प्रभावकारी बनाई सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने प्रयोजनार्थ संस्थाले यो निर्वाचन कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को “निर्वाचन कार्यविधि २०८३” हुनेछ ।

(२) यो कार्यविधि साधारण सभाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) “संस्था” भन्नाले “ नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि” लाई सम्झनु पर्दछ ।

ख) “विनियम” भन्नाले संस्थाको विनियम २०७६ र त्यसपछिको संशोधनलाई समेत सम्झनु पर्दछ ।

ग) “निर्वाचन” भन्नाले यस संस्थाको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचनलाई सम्झनु पर्दछ र यो शब्दले उप-निर्वाचनलाई समेत जनाउँदछ ।

घ) “निर्वाचन उपसमिति” भन्नाले सञ्चालक समितिले गठन गरेको निर्वाचन उपसमितिलाई जनाउँदछ ।

ङ) “निर्वाचन अधिकृत” भन्नाले सञ्चालक समितिले निर्वाचन उपसमिति संयोजकको रुपमा तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

च) “मतदान” भन्नाले यस कार्यविधिको नियम (२) ग बमोजिमका समितिहरुका पदहरुको निर्वाचन गोप्य मतदानद्वारा गर्ने कार्यलाई सम्झनु पर्दछ ।

छ) “मतदान अधिकृत” भन्नाले निर्वाचन अधिकृतले मतदानको कार्य सञ्चालन गर्न तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

ज) “मतदाता” भन्नाले विनियम अनुसार संस्थामा आवद्ध भएका शेयर सदस्यहरुलाई सम्झनु पर्दछ ।

झ) “उम्मेदवार” भन्नाले यस संस्थाको विनियममा तोकिएको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका विभिन्न पदमा उम्मेदवार हुन योग्यता पुरा भई निर्वाचन प्रकृयामा सहभागी हुने प्रतिनिधि सदस्यहरुलाई सम्झनु पर्दछ ।

ञ) “पद” भन्नाले संस्थाको विनियममा तोकिएको समितिका विभिन्न पदहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## निवार्चन उपसमिति गठन

### ३. निर्वाचन उपसमितिको गठन :

संस्थाको विनियम अनुसार संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्नको लागि ३ सदस्यीय निर्वाचन उपसमिति गठन गरिनेछ । यस उपसमितिमा संचालक समितिले तोकेको प्रचलित कानूनले अयोग्य ठहर नभएका सहकारी हेर्ने कार्यालयका प्रतिनीधि वा जिल्ला सहकारी संघका प्रतिनिधी वा विषयगत सहकारी संघका प्रतिनीधि वा संस्था रहेको स्थानका स्थानीय वहालवाला सरकारी कर्मचारी वा सामुदायिक विद्यालयका स्थायी शिक्षक वा मान्यता प्राप्त कानून व्यवसायीको संयोजकत्वमा संचालक समितिले तोकेका सदस्य २ जना रहने गरी ३ सदस्यीय निर्वाचन उपसमिति गठन गरिनेछ । जसले निर्वाचन हुने मिति भन्दा ३० दिन अगाडि देखि निवार्चन सम्वन्धि कार्यहरु प्रारम्भ गर्न सक्ने छन् । र निर्वाचन सम्पन्न भएको १५ दिन भित्रमा निर्वाचनका सबै कार्यहरु सम्पन्न गरी सक्नुपर्नेछ । निष्पक्षढंगबाट निर्वाचन गराउनु यस उपसमितिको प्रमुख दायित्व हुनेछ । यस उपसमितिको काम कर्तव्य र अधिकार संस्थाको यसै

कायबिधि बमोजिम हुनेछ । निर्वाचन उपसमितीलाई आवश्यक पर्ने सुचना लगायत अन्य व्यवस्थापकीय सहयोग पुर्‍याउने जिम्मेवारी संचालक समिति तथा कर्मचारीहरुको हुनेछ ।

**४. निर्वाचन उपसमितिको काम, कर्तव्य र अधिकारः**

क) मतदाता नामावली संकलन गरी प्रकाशन गर्ने तथा निर्वाचन कार्यतालिका प्रकाशन गर्ने

ख) मतपत्र तयार गर्ने

ग) मतपेटिका व्यवस्था गर्ने

घ) मत संकलनको व्यवस्था गर्ने

ङ) मतदान केन्द्रको सुरक्षा व्यवस्था गर्ने

च) मतदान सम्बन्धी कुनै प्रकारको उजुर पर्न आएमा जाँच गरी अन्तिम निर्णय दिने

छ) रीत नपुगेको उम्मेदवारी पत्र बदर गर्ने र अन्तिम नामावलि प्रकाशन गर्ने

ज) मतदान गराउने , मतगणना गर्ने र निर्वाचन परिणाम घोषणा गर्ने

झ) निर्वाचित सदस्यहरुलाई सपथ गहण गराउने

ञ) निर्वाचित उम्मेदवारलाई प्रमाण पत्र दिने

ट) निर्वाचन सम्बन्धी व्याख्या गर्ने, निर्णय दिने र अन्य आवश्यक कार्यहरु गर्ने, गराउने

ठ) निर्वाचन सम्बन्धमा कुनै वाधा अड्काउ परेमा वाधा अड्काउ फुकाउने

ड) निर्वाचन उपसमितिको निर्णय बहुमतबाट हुनेछ । सदस्यहरुबीच मत बाझिएमा निवार्चन अधिकृतले दिएको मत निर्णायक हुनेछ ।

## परिच्छेद ३

## निर्वाचन कार्यक्रम सम्बन्धी व्यवस्था

**५. निर्वाचन कार्यक्रमको सुचना प्रकाशित गर्नेः**

सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको पदाधिकारीहरुको निर्वाचनको लागि कम्तीमा १५ दिन अगावै निर्वाचन उपसमितिले अनुसूचि १ को ढाँचा अनुसार निर्वाचनको सूचना संस्थाको

सुचना पाटीमा टाँस गरिनेछ साथै निर्वाचनको सुचना राष्ट्रिय वा स्थानीय पत्रिकामा प्रकाशन समेत गर्न सकिनेछ ।

**६. मतदाता नामावली प्रकाशित गर्नेः**

निवाचनको मिति भन्दा ३५ दिन अगाबै संस्थाको सदस्य भएका ब्यक्तिहरु मात्र मतदाता नामावालिमा नाम सामेल हुनेछ । निर्वाचन हुनुभन्दा १५ दिन अगावै अनुसूचि २ बमोजिमको ढाँचामा मतदाता नामावली प्रकाशित गरिनेछ र सो को मुचुल्का अनुसूचि ३ को ढाँचा बमोजिम तयार गरिनेछ । छुटफुट भएको मतदाताको नाम थपघट गर्न मनासिव म्याद दिई थपघट गरिनेछ ।

**७. अन्तिम मतदाता नामावली प्रकाशन गर्नेः**

प्रकाशित नामावली उपर कुनै दावी विरोध, नाम, थर, उमेर, सदस्यता नं. छुट वा फरक परेमा मनासिव समय दिई सच्याउने व्यवस्था गरिनेछ साथै दाबी विरोधका लागि प्राप्त निवेदन माथि छानविन गरी अनुसूचि २ बमोजिमको ढाँचामा अन्तिम मतदाता नामावली पुनः प्रकाशित गरिनेछ ।

**८. उम्मेदवारीको दरखास्त लिनेः**

(१) संस्थाले तोकिएको उम्मेदवारको लागि अन्तिम मतदाता नामावलीमा परेकाबाट दरखास्त दिन योग्यता पुगेको व्यक्ति अनुसुची ४ बमोजिमको ढाँचामा फाराम शुल्क रु. २०००।- र जमानत बापत रु. १००००।- दस्तुर बुझाउनुपर्नेछ । कुल खसेको मतको ५% भन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको जमानत फिर्ता गरिने छैन ।

(२) उम्मेदवारको लागि दरखास्त दिँदा १ जना प्रस्तावक र १ जना समर्थकको सही भएको हुनुपर्नेछ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाइने छैन ।

**९. उम्मेदवारको नामावली प्रकाशनः**

निर्वाचन अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची ५ बमोजिमको ढाँचामा तयार गरी वर्णानुक्रम अनुसार प्रकाशित गर्नेछ ।

**१०. उम्मेदवार उपर दावी विरोध, नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन :**

(१) उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन निश्चित समय दिइनेछ ।

(२) तोकिएको समय भित्र दरखास्त दिने उम्मेदवारहरुको सम्बन्धमा कुनै दावी विरोध भएमा अनुसूचि ६ बमोजिमको ढाँचामा दरखास्त पेश गर्न सकिनेछ ।

(३) तोकिएको समय भित्र दरखास्त दिने उम्मेदवारले नाम फिर्ता लिन चाहेमा अनुसूचि ७ बमोजिमको ढाँचामा दरखास्त पेश गरी फिर्ता लिन सक्नेछन् ।

(४) प्राप्त दावी विरोधका दरखास्तहरु उपर छानविन गरी योग्य ठहरिएका उम्मेदवार र कसैले नाम फिर्ता लिएमा सो समेतको आधारमा निर्वाचन उपसमितिले वर्णानुक्रम अनुसार उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

## परिच्छेद -४

## मतदान, मतगणना र निर्वाचन कार्यक्रम

### ११. मत पत्र

मत पत्रलाई अनुसूची ८ बमोजिमको ढाँचामा तयार गरिनेछ । उक्त मतपत्रको बायाँपट्टिको खाली कोठामा वर्णानुक्रम अनुसार सम्बन्धित उम्मेदवारको नाम लेखिनेछ भने दायाँपट्टिको खाली कोठामा ठीक (✓) चिन्ह लगाई मत संकेत गनुपर्ने छ ।

### १२. मतदान केन्दमा प्रवेश निषेध

निर्वाचन अधिकृत वा मतदान अधिकृतले तोकेको व्यक्ति बाहेक अन्य कुनै व्यक्ति मतदान केन्दमा प्रवेश गर्न पाउने छैन ।

### १३. प्रतिनिधि नियुक्तिः

कुनै उम्मेदवारले आफनो तर्फबाट निर्वाचनको मतदान कार्य तथा मतगणनाको रेखदेख गर्न मतदाताहरुमध्येबाट कुनै एक जनालाई प्रतिनिधि नियुक्ति गर्न चाहेमा अनुसूचि ९ मा तोकिएको ढाँचामा मतदान अधिकृत समक्ष निवेदन दिन सक्नेछ । तर उम्मेदवार आफू उपस्थित भएको अवस्थामा प्रतिनिधि नियुक्ति गर्न पाउने छैन । मतगणना गर्ने समयमा उम्मेदवार स्वयं वा निजले तोकेको प्रतिनिधि उपस्थित नरहेमा पनि मतगणना गर्न वाधा पर्नेछैन ।

### १४. मतपेटिकामा मतदान गर्ने

(१) मतदानको लागि एउटा वाकस वा स्थानीय रुपमा उपलब्ध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिनेछ । मतदान शुरु हुनुभन्दा अघि उक्त रित्तो मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राखिनेछ ।

(२) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाइनेछ ।

(३) मतदातालाई एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन लगाइनेछ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिइने छैन ।

(४) मतदाताले निर्वाचन प्रतिनिधिसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर उक्त मतपत्र मतपेटिकामा खसाल्नु पर्नेछ ।

(५) मतदान कार्य समाप्त भएपछि अनुसुचि १० को ढाँचा अनुसार मतदान समाप्त भएको मुचुल्का खडा गरिनेछ र त्यसपछि तोकिएको स्थानमा मतगणना गरिनेछ ।

**१५. मतदान स्थगितः**

मतदान कार्यमा विवाद भई वा अन्य कुनै प्राकृतिक प्रकोप वा काबु बाहिरको परिस्थितीले गर्दा मतदान कार्य हुन नसक्ने स्थिति भएमा निर्वाचन अधिकृतले सो कुरा प्रमाणित गरी निर्वाचन स्थगित गर्न सक्नेछ ।

**१६. निर्वाचन प्रचार प्रसारः**

निर्वाचन उपसमितिले निर्वाचन शुरु गर्नु अघि ३ दिनको समय उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि दिईनेछ । निर्वाचन शुरु भएपछि प्रचार प्रसार बन्द गरिनेछ ।

**१७. सदर वा बदर मतपत्रः**

(१) मत संकेत गर्दा आफुले मत दिन चाहेको उम्मेदवारको नाम, थर भएको कोठाभित्र पर्ने गरी रेजा वा चिन्ह लगाउनुपर्नेछ ।

(२) दुई उम्मेदवारको कोठाहरुमा पर्ने गरी रेजा वा चिन्ह लगाई २ मध्ये एकलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा रेजा नै नलगाएमा र निर्वाचन वा मतदान अधिकृतको सही नभएका मतपत्रहरु बदर हुनेछ ।

(३) एक उम्मेदवारको कोठामा रेजा लगाएको तर रेजा धर्काको टुप्पो दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्नेछ ।

(४) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

**१८. निर्वाचन परिणाम घोषणाः**

(१) निर्वाचनको परिणाम अनुसूचि ११ बमोजिमको ढाँचामा मतगणना परिणाम मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गरिनेछ ।

(२) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भएतापनि सबैभन्दा बढी मत प्राप्त गरी पहिलो हुने उम्मेदवारलाई विजयी घोषित गरिनेछ ।

(३) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गरिनेछ ।

**१९. निर्विरोध घोषणा गर्नेः**

उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या भन्दा बढी नभएमा निर्वाचन अधिकृतले निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

**२०. गोलाहाली निर्णय गर्नेः**

मतगणनामा १ भन्दा बढी उम्मेदवारको एकै पदमा मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषणा गरिनेछ ।

## परिच्छेद -५

## विविध

**२१. एक व्यक्ति एक पदको लागि उम्मेदवार हुन पाउनेः**

(१) एउटा निर्वाचनमा एक व्यक्ति एउटा पदमा मात्र उम्मेदवार हुन पाउनेछ ।

(२) एकै परिवारबाट एक भन्दा बढी व्यक्ती संचालक वा लेखा सुपरिवेक्षण समितीको उम्मेदवार हुन पाईने छैन ।

(३) कुनै कर्मचारीको एकै परिवारको व्यक्ती संचालक वा लेखा सुपरिवेक्षण समितीको उम्मेदवार हुन पाईने छैन ।

**२२. उम्मेदवारको योग्यता :**

देहायको व्यक्ति उम्मेदवारको लागि योग्य मानिनेछ ।

क) कम्तीमा ३ वर्ष सम्म निरन्तर शेयर सदस्य हुनुपर्ने छ ।

ख) उम्मेदवारी दिने समयमा संस्थाबाट लिएको ऋणको भाखा (एक वर्ष अगाडी देखी (३६५ दिन )ननाघेको,

ग) साधारण सभाको मितिसम्म कम्तिमा ६ महिनादेखि अनिवार्य मासीक बचत लगातार गरेको हुनु पर्ने ।

घ) अन्य समान प्रकृतिको सहकारी संस्थाहरुको सदस्य नभएको सोको स्वघोषणा पेश गर्नु पर्ने (पछि प्रमाणित भएमा नीजको पद स्वत खारेजी हुने छ ।)

ङ) नियामक निकायका कर्मचारी र निर्वाचित वा मनोनित सार्बजनिक पदमा वाहाल रहेका पदाधिकारी नरहेको व्यक्ति ।

च) संस्थाको सम्पत्ति हिनामिना गरी बेरुजु नगरेको व्यक्ति ।

छ) मानसिक सन्तुलन ठीक भएको व्यक्ति ।

ज) फौजदारी अभियोग नलागेको व्यक्ति ।

झ) बैंक तथा अन्य वित्तिय संस्थाको कालो सुचिमा नपरेको व्यक्ति ।

ञ) लेखा सुपरिवेक्षण समितीमा कम्तीमा एक जना लेखा सम्बन्धी ज्ञान भएको सदस्य हुनुपर्नेछ । साथै सदस्य भएको कम्तीमा ३ वर्ष पुरा भएको हुनु पर्ने ।

ट) यसै संस्थाको कर्मचारी नरहेको

ठ) संस्थाको कार्यकारी प्रमुख वा अध्यक्ष सँग कुनै नाता सम्बन्ध तथा व्यापारिक स्वार्थ नभएको हुनुपर्ने ।

ड) संचालक वा लेखा सुपरिवेक्षण समितिको उम्मेद्वार हुँदा आफ्नो नाम कालो सुचिमा नपरेको, एकाघर पविारका अन्य व्यक्तीले उम्मेद्वारी नदिएको र आफु अन्य संस्थाको संचालक वा लेखा समितीको पदाधिकारी नरहेको भनी उम्मेद्वारी पत्रमा उल्लेख गर्नुपर्नेछ ।

ढ) कुनै उम्मेदवारको प्रस्तावक वा समर्थकमा नरहेको हुनुपर्ने छ ।

ण) निवार्चन उपसमितिमा नरहेको

(त) यस भन्दा अगाडी बिना कारण लगातार ३ पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित नरहेको ।

**२३.महिला सदस्य :**

संचालक समिती तथा लेखा सुपरिवेक्षण समितिमा कम्तिमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

**२४.चित्त नबुझ्नेले उजुर गर्न सक्ने:**

निर्वाचन उपसमितिबाट गराएको निर्वाचनमा यस कार्यविधि अनुसार रितपूर्वक भएन भनी निर्वाचन सकिएको १५ दिन भित्र निर्वाचनमा उम्मेदवार भएको कसैले सम्बन्धीत नियमनकारी निकायमा उजुरी गर्न सक्नेछ ।

**२५. कागजपत्र पेश गर्ने:**

मतदान कार्यको समाप्ति र विजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले निर्वाचनसंग सम्वन्धित भए गरेका निर्यणहरुको पुस्तिका र मतदान सम्बन्धी अन्य कागजातहरु संस्थाको कार्यालयमा बुझाउनुपर्नेछ ।

**२६. प्रमाण पत्र दिने:**

निर्वाचन अधिकृतले निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची १२ बमोजिमको ढाँचामा प्रमाण-पत्र प्रदान गर्नेछ ।

**२७. सपथ ग्रहण:**

विजयी उम्मेदवारलाई निर्वाचन अधिकृतले अनुसुचि १३ अनुसारको ढाँचामा पदको सपथ ग्रहण गराउनेछ ।

**२८) व्याख्या गर्ने अधिकार :-**

यस कार्यबिधिको व्यख्या गर्ने अधिकार संचालक समितीमा निहीत हुनेछ । नव निर्वाचित संचालक समितीले सपथ ग्रहण नगरे सम्मको लागी व्याख्या गर्ने अधिकार निर्वाचन समितीको हुनेछ ।

**२९) वाधा अड्काउ फुकाऊ :-**

आवश्यक भएमा आवश्यकताको सिद्धान्त बमोजीम सचालक समितीको निर्णयद्धारा वाधा अड्काउ फुकाउन सकिनेछ ।

# अनुसूचि-१

## (निर्वाचन कार्यविधिको दफा ३ सँग सम्बन्धित)

## निर्वाचन कार्यक्रम

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| | | मतदाता नामावली प्रकाशन |
| | | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| | | अन्तिम नामावली प्रकाशन |
| | | उम्मेदवारी दर्ता |
| | | उम्मेदवारको नामावली प्रकाशन |
| | | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| | | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| | | मतदान कार्यक्रम |
| | | मतगणना |
| | | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण |
| | | कार्यक्रम समापन |

निर्वाचन उपसमिति

## अनुसूचि-२

## (निर्वाचन कार्यविधि दफा ४ र ५ सँग सम्बन्धित)

## नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

## मतदाता नामावली

| क्र.सं. | मतदाताको नाम | सदस्यता नं. | ठेगाना |
|---|---|---|---|
| | | | |

## अनुसूचि-३

## (निर्वाचन कार्यविधि दफा ४ सँग सम्बन्धित)

## मतदाता नामावली प्रकाशित गरेको मुचुल्का

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा सुपरीवेक्षण समितिका पदहरुको मिति २० / / गतेको दिन हुने निर्वाचनको लागि संस्था अन्तर्गतका मतदाता नामावली मिति २० / /गतेका दिन हाम्रो रोहवरमा ………………… ठाउँमा टाँसेको ठीक साँचो हो ।

रोहवरको सही

१. …………………………………

२. …………………………………

३. …………………………………

४. …………………………………

मितिः २० / /

…………………………………………………

मुचुल्का गराउनेको दस्तखत

# अनुसूचि - ४
## (निर्वाचन कार्यविधि दफा ६ (१) सँग सम्बन्धित)
## उम्मेदवारी दरखास्त

मिति: २०  /   /

श्री निर्वाचन अधिकृत ज्यू,
निर्वाचन उपसमिती
नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

**विषयः उम्मेदवारी दर्ता गरिदिने ।**

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संचालक/लेखा सुपरिवेक्षण समितीको ……………………पदमा निर्वाचित भई संस्थाको सेवा गर्ने इच्छा भएकोले मिति………………………मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म बाहेक यस संस्थाको संचालक र लेखा समितीको कुनै पनि पदमा मेरा नातेदार उम्मेदवार नभएको, म यस प्रकृतिको अन्य कुनै संस्थाको संचालक र लेखा सुपरिवेक्षण समितीको पदमा कार्यरत नरहेको, यस संस्थामा मैले निरन्तर रुपमा मिती ……………………देखि सदस्य भइ हालसम्म संस्थाको नीति कार्यविधि तथा कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरि आएको, संस्थाको भाखा नाघेको साँवा व्याज भुक्तान गर्न र म्याद भुक्तान भएका बुझाउन बाँकी कुनै रकम नरहेको, हाल पनि संस्थाले कारोबार गर्न अनुमति प्राप्त गरेको भौगोलिक क्षेत्रमा स्थायी बसोबास रहेको, बैंक तथा वित्तीय कारोबारमा कालो सुचिमा नपरेको, अन्य बैंक वित्तीय संस्था तथा सहकारी संस्थाको सञ्चालक नरहेको र सहकारीको प्रचलित कानुन तथा सहकारीका विश्वव्यापी मान्यता प्राप्त मुल्य र सिद्धान्तका बारेमा म जानकार रहेको हुँदा मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु ।
सहकारी ऐन, नियम सहकारी विभागबाट जारी मापदण्ड र संस्थाको विनियम विपरित मेरो उम्मेदवारी भएमा सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ती छैन ।

निवेदक

दस्तखत :

उम्मेदवारको नाम :

ठेगाना र सम्पर्क नम्बर :

मतदाता क्रम संख्या :

प्रस्तावकः
दस्तखत :
प्रस्तावकको नाम थर :
मतदाता क्रम संख्याः

समर्थक
दस्तखत :
समर्थकको नाम थर :
मतदाता क्रम संख्या :

यो दरखास्त पत्र मिति ..............................का दिन.................बजे श्री................................ले मेरो समक्ष प्रस्तुत गर्नुभएको व्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत :
निर्वाचन अधिकृत

## अनुसूचि ५

## (निर्वाचन कार्यविधि दफा ७ सँग सम्बन्धित)

## उम्मेदवारहरुको नामावली सूची

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको पदहरुको लागि मिति २० / / मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्न लिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लाीग यो नामावली सूचि प्रकाशित गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | लिङ्ग | पद | मतदाता क्रम संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मितिः २० / /

.............................

निर्वाचन अधिकृत

## अनुसूचि ६

## (निर्वाचन कार्यविधिको दफा ८ (२) सँग सम्बन्धित)

## उम्मेदवार उपर दावी विरोध

मितिः २०/ /

श्रीमान् निर्वाचन अधिकृत ज्यू,

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

विषयः- उम्मेदवार प्रति दावी विरोध ।

महोदय,

यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा सुपरीवेक्षण समितिको ................ पदको उम्मेदवार हुनु भएका श्री ................................. विनियम अनुसार ........................ कारणले सो पदको उम्मेदवार बन्न अयोग्य हुनु भएकोले निजको उम्मेदवारी प्रति मेरो विरोध भएकोले छानविन गरी पाउन अनुरोध छ ।

भवदीय

दस्तखतः

नामः

मतदाता नामावलीको क्रमसंख्याः

## अनुसूचि ७

**(निर्वाचन कार्यविधिको दफा ८ (३) सँग सम्बन्धित)**

## उम्मेदवारीबाट नाम फिर्ता

मितिः २०⁄ ⁄

श्रीमान् निर्वाचन अधिकृत ज्यू,

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

विषयः- उम्मेदवारीबाट नाम फिर्ता

महोदय,

यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति⁄लेखा सुपरीवेक्षण समितिको ................ पदमा उम्मेदवारी दरखास्त दिएकोमा मलाई निर्वाचनमा प्रतिस्पर्धा गर्ने इच्छा नभएकोले मेरो उम्मेदवारी फिर्ता गरी पाउन अनुरोध छ ।

भवदीय

दस्तखतः

नामः

मतदाता नामावलीको क्रमसंख्या

## अनुसूचि ८

### (निर्वाचन कार्यविधिको दफा ९ सँग सम्बन्धित)

### मतपत्र

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

निर्वाचन हुने पदः ..............................

| क.सं. | उम्मेदवारको नाम, थर ( वर्णानुक्रम अनसार) | मत संकेत गर्ने कोठा |
|---|---|---|
| | | |

मितिः २० / /

.......................................

निर्वाचन अधिकृतको दस्तखत

**अनुसूचि ९**

**(निर्वाचन कार्यविधिको दफा ११ सँग सम्बन्धित)**

**प्रतिनिधि नियुक्त**

मितिः २०    /  /

श्रीमान् निर्वाचन अधिकृतज्यू,

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि .

विषयः प्रतिनिधि मनोनयन सम्बन्धमा ।

महोदय,

यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा सुपरीवेक्षण समिति को ………………… पदमा म उम्मेदवार भएको र मेरो विशेष कामले गर्दा मतगणनाको समयमा उपस्थित हुन नसक्ने भएकोले श्री……………………………… लाई मतदान कार्यको रेखदेख तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्त गरेको छु ।

निजले मेरो तर्फबाट गरेको निर्वाचन सम्बन्धी काम कार्यवाहीमा मेरो मञ्जुरी छ ।

भवदीय

दस्तखतः

नामः

मतदाता नामावलीको क्रमसंख्याः

## अनुसूचि-१०

### (निर्वाचन कार्यविधिको दफा १२ (५) सँग सम्बन्धित)

### मतदान समाप्त भएको मुचुल्का

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदहरुमा भएको मतदान कार्य मिति २० / / गतेको दिन ........ बजे शुरु भई ........... बजे सम्पन्न भएको ठीक साँचो हो ।

क्र.सं. उम्मेदवारको नाम, थर दस्तखत

मितिः २० / /

.......................................................

मुचुल्का गराउने को दस्तखत

## अनुसूचि-११

### (निर्वाचन कार्यविधिको दफा १६(१) सँग सम्बन्धित)

### मतगणना परिणाम मुचुल्का

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को ................ समितिको ............. पदको निर्वाचनको मतगणना अनुसार मतदान भएको जम्मा ............. मतमध्ये ............... मत बदर भएको र ................. सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

उम्मेदवारको नाम थर प्राप्त सदर

मत क्रम विजयी पराजित

१) उम्मेदवार ............................... को प्रतिनिधि श्री ..............................

२) उम्मेदवार ............................... को प्रतिनिधि श्री ..............................

३) उम्मेदवार ............................... को प्रतिनिधि श्री ..............................

स्थानः

मितिः

...............................

निर्वाचन अधिकृत

## अनुसूचि - १२

## (निर्वाचन कार्यविधिको दफा २६ सँग सम्बन्धित)

## प्रमाण - पत्र

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

प्रमाण- पत्र

श्री ....................................................... ले मिति २० / / मा भएको यस संस्थाको सञ्चालक समिति/लेखा सुपरीवेक्षण समितिको ................ पदको निर्वाचनमा निर्विरोध/............... मत प्राप्त गरी निर्वाचित हुनु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ..................... | ...................... | ...................... |
| सदस्य | सदस्य | निर्वाचन अधिकृत |
| (निर्वाचन उपसमिति) | (निर्वाचन उपसमिति) | (निर्वाचन उपसमिति) |

## अनुसूचि - १३

## (निर्वाचन कार्यबिधिको दफा २७ सँग सम्बन्धित

## नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि .

## का.म.न.पा.–०९, बत्तीसपुतली

### सपथ ग्रहण

म.................................................(शपथकर्ताको नाम) साधारणसभा समक्ष यो प्रतिज्ञा गर्दछु मेरो सामर्थ्यले भ्याए सम्म समितिको सदस्यका नाताले सवै काम तथा वैठकहरुमा निमित रुपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरीकाबाट निर्णय लिनेछु ।

| पद ग्रहण गर्ने पदाधिकारीको | शपथ गराउने अधिकारीको |
|---|---|
| (क) नाम : | (क) नाम : |
| (ख) दस्तखत : | (ख) दस्तखत : |
| (ग) मिति : | (ग) मिति : |
| (घ) पद : | (घ) पद : |

मितिः २०   /   / गते

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि .

का.म.न.पा.-०९, बत्तीसपुतली, काठमाण्डौ